प्रहरी नायब महानिरीक्षक

दरभाउपत्र फाराम नं. –
दरभाउपत्र फाराम दस्तुर रु.१,०००।-

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी

गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा, कास्की

कुकुर दाना खरिद बन्दोबस्तको
शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात

(गोरखापत्रमा पहिलो पटक सूचना प्रकाशित मिति २०८३/०८/०२ गते बुधबार)

गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा, कास्की।	फोन नं. ०६१–४५२५०० वेवसाईट– gandaki.nepalpolice.gov.np

बिषय सूची

क्र.सं.	विवरण	पेज
१	शिलबन्दी दरभाउपत्र आव्हानको सूचना	
२	दरभाउपत्र पेश गर्ने	
३	योग्य शिलबन्दी दरभाउपत्रदाता	
४	दरभाउपत्रदाताको ग्राह्यता सम्बन्धी आधारहरु	
५	शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने र सम्झौता गर्ने	
६	निरीक्षण र जाँच	
७	सामानको गुणस्तर	
८	कुकुर दानाको आवश्यकता सम्बन्धी तालीका	
९	शिलबन्दी दरभाउपत्र पेश गरेको निवेदन	
१०	परिमाण सहितको मूल्य सूची	
११	जमानत फारामहरुको नमूना	

नोटः- शिलबन्दी दरभाउपत्र तथा कुकुर दानाको परिमाण सहितको मूल्य सूची सफा र स्पष्टसँग भरी पेश गर्नु पर्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी

प्रहरी नायब महानिरीक्षक

गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा, कास्की

शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

पहिलो पटक प्रकाशित मिति २०८३ साल मंसिर ०२ गते बुधबार

यस गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरामा रहेको कुकुरहरुका लागि पशुपंक्षी आहार शिर्षक अन्तर्गत कुकुर दाना शिलबन्दी दरभाउपत्रको माध्यमद्धारा आ.व.२०८३/०८४ अर्थात २०८३ साल माघ ०१ गते देखि २०८४ साल पौष मसान्त सम्म बर्ष १ (एक) को लागि पशुपंक्षी आहार (कुकुर दाना) खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मिति २०८३।०८।०२ गते बुधबार देखी २०८३।०८।०८ गते मंगलबार कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरी मिति २०८३।०८।०९ गते बुधबार दिनको १२:०० बजे सम्ममा निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना **gandaki.nepalpolice.gov.np** मा पनि हेर्न सकिनेछ । विस्तृत विवरण बुझ्नु परेमा कार्यालय समय भित्र गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा, कास्कीमा सोझै सम्पर्क गर्न वा फोन नं.०६१ - ४५२५०० मा सम्पर्क गर्न सकिनेछ ।

निम्न:

१) खरिद गरिने पशुपंक्षी आहारको किसिम र परिमाण तथा प्राविधिक विवरण (स्पेशिफिकेसन) लगायत अन्य शर्तहरु शिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

२) दरभाउपत्रको माध्यमबाट भाग लिन चाहने दरभाउपत्रदाताहरुले मिति २०८३।०८।०८ गते मंगलबार कार्यालय समयभित्र तोकिएको शुल्क रु.१,०००।०० (अक्षरुपी एक हजार रुपैंया मात्र) (फिर्ता नहुने गरी) तिरी लिखित निवेदन सहित फर्म, संस्था, कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाण पत्र/ ईजाजत पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र, आर्थिक वर्ष २०८१।०८२ को कर चुक्ता प्रमाण पत्र र आ.व.०८२।०८३ को कर विवरण पेश गरेको / म्याद थपको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी समेत संलग्न राखी यस कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय तथा जिल्ला प्रशासन कार्यालय पोखरा, कास्की समेतबाट दरभाउ पत्र फाराम खरीद गर्न सकिनेछ ।

३) शिलबन्दी दरभाउपत्र दाताहरुले मिति २०८३।०८।०९ गते बुधबार १२:०० बजे भित्र शिलबन्दी दरभाउपत्र दाखिला गरी सक्नु पर्नेछ । शिलबन्दी दाखिला भएका दरभाउपत्रहरु सोही दिनको १४:०० बजे दरभाउपत्र मूल्याङ्कन समिति एवं उपस्थित प्रतिनिधि दरभाउपत्रदाता वा निजहरुका आधिकारीक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता तथा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन कारणबश: कुनै सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लेखित स्थान र समयभित्र दरभाउपत्रहरु खोलिने छ ।

४) दरभाउपत्र फाराम साथ तोकिएको जमानत रकम रु.४०,०००।- (अक्षरुपी चालिस हजार रुपैया मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक लि. पृथ्वीचोक, पोखरा स्थित एकल धरौटी खाता ३०२०१००१०२०३०००० मा गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा, कास्कीको कार्यालय कोड नम्बर ३१४०४३९०१ मा जम्मा गरेको सक्कलै दोश्रो प्रति भौचर वा "क" श्रेणीको ईजाजत प्राप्त बाणिज्य बैंकबाट नियमानुसार जारी भएको जमानत पेश गर्नु पर्नेछ । बैंक जमानत दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले दरभाउपत्रको लागि ७५ दिन मान्य अवधिको हुनु पर्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी
प्रहरी कार्यालय
खोटाङ

प्रहरी नायव महानिरीक्षक

५) शिलबन्दी दरभाउपत्रदाताले दरभाउपत्र साथ अघिल्ला ३ (तीन) आ.व.हरु (२०८०।०८१, २०८१।०८२ र २०८२।०८३) मध्ये कुनै एक आ.व.मा कुनै सरकारी निकाय वा निजी संस्थामा सन्तोषजनक रुपमा कुकुरदाना (आहार) आपूर्ति गरेको वा गरिरहेको प्रमाणित कागजातको प्रतिलिपि पेश गर्नुपर्नेछ र उक्त कार्य अनुभव गणना गर्दा शिलबन्दी दरभाउपत्रदाताले कबोल गरेको अंकको कम्तीमा ५० प्रतिशत हुनुपर्नेछ।

६) दरभाउपत्र दाताहरुले सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ४० उप - नियम २ (ङ) मा उल्लेख भए अनुसार खरीद कार्यमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाँय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ।

७) रीत नपुगी वा दरभाउपत्रहरुको सूचनामा निर्धारित समय नाघी पेश हुन आएको शिलबन्दी दरभाउपत्र उपर कारवाही गरिने छैन।

८) दरभाउपत्र फाराम शिलबन्दी गरी दरभाउपत्रको विषय, दरभाउपत्र पाउने कार्यालयको नाम र ठेगाना उल्लेख गरी पेश गर्नु पर्नेछ ।

९) दरभाउपत्र सम्बन्धी कागजातको परिमाण सहितको मूल्यसूची भर्दा मूल्य अभिवृद्धि कर बाहेकको प्रतिदिन प्रति कुकुरको आईटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्ट लेखी भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट वा टिपेक्सको प्रयोग भएमा शिलबन्दी दरभाउपत्रदाताको सहिछाप भएको हुनुपर्नेछ।

१०) एक ब्यक्ति, फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति, फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाईने छैन।

११) पशुपंक्षी आहार (कुकुर दाना) खरीद सम्झौता अवधिभर कुनैपनि मूल्य वृद्धि दिईने छैन, ढुवानी बापतको खर्च आपूर्तिकर्ता स्वयंले ब्यहोर्नु पर्नेछ।

१२) पशुपंक्षी आहार (कुकुर दाना) यस कार्यालयमा राखिएको नमुना र दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेख भएको प्राविधिक विवरण (स्पेशिफिकेशन) बमोजिम गुणस्तरयुक्त र नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप आपूर्ति गर्नुपर्ने छ। आपूर्तिकर्ताले कुकुर दाना आहारको नमुना १ (एक) किलोग्राममा नघटाई शिलप्याक गरी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ।

१३) दरभाउपत्र स्वीकृत भई खरीद सम्झौताको लागि ईजाजत प्राप्त वाणिज्य बैंकबाट जारी भएको कबोल अंकको ५ (पाँच) प्रतिशत रकम बराबरको बैंक जमानत (कुकुर दाना आहार खरीद सम्झौता अबधि भन्दा कम्तीमा १ महिना बढी मान्य अबधि भएको कार्य सम्पादन जमानत पत्र) पेश गरेपछि मात्र सम्झौता गरि गराई सम्झौता पत्र र कार्यादेश पत्र दिईनेछ।

१४) पेश्की लिनको लागि खरीद सम्झौतामा उल्लेख भएको पेश्की फछर्यौट गर्नुपर्ने अबधि भन्दा कम्तीमा १ महिना बढी अबधिको मान्य हुने ईजाजत प्राप्त "क" वर्गको बाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टी (जमानत) पेश गर्नु पर्नेछ।

१५) प्रत्येक रनिङ्ग बिलबाट भुक्तानी रकमको १.५ प्रतिशत अग्रिम आयकर कट्टी गरी आन्तरिक राजश्व कार्यालयमा दाखिला गरिनेछ। साथै, रनिङ्ग बिलबाट ५ (पाँच) प्रतिशत रकम समेत धरौटी बापत कट्टी गरिनेछ।

१६) पशुपंक्षी आहार (कुकुर दाना) आपूर्तिकर्ताले नमूना बमोजिमको पशुपंक्षी आहार (कुकुर दाना) आपूर्ति गर्न नसकेमा तथा पशुपंक्षी आहार (कुकुर दाना) खाने खुवाउने तर्फ कुनै बाधा व्यवधान भएमा सो उपर प्रचलित ऐन नियम बमोजिम कारवाही उठाई पशुपंक्षी आहार (कुकुर दाना) खरीद सम्झौता रद्ध गरिनेछ।

१७) यस सूचना तथा शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख नभएका बिषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) र प्रचलित अन्य नेपाल कानून बमोजिम हुनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी
गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा

प्रहरी नायव महानिरीक्षक

२ दरभाउपत्र पेश गर्ने

२.१ सिलबन्दी दरभाउपत्रदाताले एक प्रति सक्कल दरभाउपत्रको कागजात तयार गर्नु पर्नेछ, जसलाई दरभाउपत्र सम्बन्धी फाराम र मूल्य सूची सँगै संलग्न गरी स्पष्ट रुपमा "सक्कल प्रति" भन्ने संकेत उल्लेख गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्रदाताले वा सिलबन्दी दरभाउपत्रदाताको तर्फबाट रीतपूर्वक अख्तियारी प्राप्त गरेको ब्यक्तिले सहीछाप गरेको हुनु पर्नेछ । त्यसरी दिईएको अख्तियारी शिलबन्दी दरभाउपत्र साथै पेश गरेको लिखित वारेसनामा समेत पेश गर्नु पर्नेछ ।

२.२ शिलबन्दी दरभाउपत्रको मान्य अवधि दर्ता वा पेश हुने अन्तिम मितिबाट लागू भई ४५ (पैतालीस) दिनको हुनेछ ।

२.३ शिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिने रकम नेपाली मुद्रामा (मू.अ.कर बाहेक) उल्लेख गर्नु पर्नेछ ।

२.४ एकजना दरभाउपत्रदाताले व्यक्तिगत रुपमा होस् वा संयुक्त उपक्रमको साझेदारको रुपमा होस्, एउटा मात्र दरभाउपत्र पेश गर्नु पर्नेछ ।

२.५ करार सम्पन्न हुनु भन्दा पहिले कुनै पनि वखत करार स्वीकृत वा अस्वीकृत गरेको कारणबाट प्रभावित शिलबन्दी दरभाउपत्रदाताहरु उपर कुनै दायित्व सृजना नहुने गरी वा प्रभावित सिलबन्दी दरभाउपत्रदाताहरुलाई जानकारी गराउनु पर्ने कुनै जिम्मेवारी विना कुनै शिलबन्दी दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने र सिलबन्दी दरभाउपत्र सम्बन्धी प्रक्रिया नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

२.६ म्याद भित्र दर्ता नभएको तथा रीतपूर्वक नभएको सिलबन्दी दरभाउपत्र उपर सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

२.७ निर्देशन फाराम, शर्त, स्पेसिफिकेशन लगायतका सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात दरभाउपत्रदाताले जाँच गर्नुपर्नेछ र सिलबन्दी दरभाउपत्र वा सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात अनुरुपका सम्पूर्ण कागजात पेश नभएमा वा सारभूत रुपमा प्रभावग्राही नभएको सिलबन्दी दरभाउपत्र दाखिला भएमा त्यस्तो सिलबन्दी दरभाउपत्र अस्वीकृत हुनेछ ।

३ योग्य सिलबन्दी दरभाउपत्रदाता

३.१ सिलबन्दी दरभाउपत्र आव्हानको सूचनामा उल्लेख भए अनुसार सम्पूर्ण योग्य दरभाउपत्रदाताहरुको लागि यो सिलबन्दी दरभाउपत्र खुला रहनेछ ।

३.२ यस सिलबन्दी दरभाउपत्र आव्हान अनुसार खरिद गरिने वस्तुको सम्बन्धमा प्रयोग गरिने स्पेशिफिकेसन र अन्य लिखतको तयारीका सम्बन्धमा गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरालाई परामर्शदाताको सेवा प्रदान गर्ने कुनै पनि फर्म वा त्यससँग सम्बद्ध अन्य कुनै निकायसँग विगतमा प्रत्यक्ष वा परोक्ष रुपमा दरभाउपत्रदाता सम्बद्ध रहेको हुनु हुँदैन ।

३.३ दरभाउपत्रदाता भ्रष्टाचार र जालसाजपूर्ण कार्यका कारण नेपाल सरकारबाट अयोग्य घोषित भएको हुनु हुँदैन ।

४ दरभाउपत्रदाताको ग्राह्यता सम्बन्धी आधारहरु

प्रहरी नायब महानिरीक्षक

४.१ दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र र सोसँग सम्बन्धित कागजातहरुका साथ शिलबन्दी गरि एउटा खाममा र खरिद बन्दोबस्त गरिने कुकुर दानाको नमूना कम्तीमा १(एक) किलोग्राम परिमाण सहित गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा समक्ष सूचनामा तोकिएको समय भित्र पेश गर्नु पर्नेछ।

४.२ रीतपूर्वक पेश भई पूर्णताको परीक्षणमा सारभूतरुपमा प्रभावग्राही भएका दरभाउपत्रदाताहरुको सिलबन्दी दरभाउपत्र मात्र अन्य पक्षको मूल्याङ्कनमा समावेश गरिनेछ।

५ सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने र सम्झौता गर्ने

५.१) सम्पूर्ण पक्षको मूल्याङकनमा सफल भई सारभूतरुपमा प्रभावग्राही दरभाउपत्रलाई स्वीकृत गरिनेछ र स्वीकृत दरभाउपत्रदाताले खरिद सम्झौताको सूचना प्राप्त गरेको मितिले ७ (सात) दिनभित्र आफुले कबोल अंकको ५ % रकम बराबरको सामान सप्लाई गर्ने अवधि भन्दा कम्तिमा एक महिना बढी अवधि सम्म मान्य हुने गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराको नाममा जारी भएको "क" श्रेणीको बाणिज्य बैंकको कार्य सम्पादन जमानत पत्र (यसै साथ संलग्न फर्मेटमा) पेश गरी सामान आपूर्ति गर्ने सम्झौता गर्नु पर्नेछ।

५.२) शर्त नं.५.१ बमोजिम सम्झौता भएपछि मात्र सामान आपूर्तिको लागि कार्यादेश जारी गरिनेछ।

५.३). गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरालाई आपूर्ति गरिने कुकुर दानाको परिमाण ५०% सम्म थपघट भए पनि आपूर्तिकर्ताले आपूर्ति गर्नु पर्नेछ।

६ निरीक्षण र जाँच

खरिद कार्यको आवश्यक निरीक्षण र जाँच गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराबाट हुनेछ।

७ सामानको गुणस्तर

७.१ सामानहरु कार्यालयको माग स्पेशिफिकेशन बमोजिमको अनिवार्य रुपमा हुनुपर्ने छ। अन्यथा हुन गएमा स्वीकार गरिने छैन।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी
प्रदेश प्रहरी कार्यालय
पोखरा

प्रहरी नायव महानिरीक्षक

Specification for Adult and Puppy Dry Dog Food:

The minimum and maximum nutritronal, mineral and safety requirements for dry dog food shall be as follows:

S.N.	Parameter/Featur	Unit/DM Basis	Requirement for puppies (Minimum)	Requirement for Adult dog (Minimum)	Minimum limit/Requiremen	Remarks
	A. Proximate Composition Requirements					
1.	Moisture	%	-	-	11	
2.	Crude Protein	%	26	24	-	
3.	Crude Fat	%	11	11	-	
4.	Crude Fiber	%	-	-	5	
5.	Total Ash	%	-	-	10	
	B. Nutrient Requirements					
1.	Calcium	mg/kg	10000	6000	-	
2.	Phosphorous	mg/kg	7000	5000	-	
3.	Potassium	mg/kg	4000	4000	-	
4.	Magnesium	mg/kg	600	600	-	
5.	Iron	mg/kg	80	60	-	
6.	Copper	mg/kg	12	7	-	
7.	Zinc	mg/kg	100	80	-	
	C. Vitamin Requirements					
1.	Vitamin A	IU/kg	5000	5000	250000	
2.	Vitamin D	IU/kg	600	500	3000	
	D. Contaminant & Microbiological Safty Requirements					
1.	Aflatoxin	Ppb	-	-	10	

***DM = Dry Matter**

Other additional features and requirements:

- **The dry dog food shall be nutritionally complete and balanced and shall contain all essential nutrients required for respective life stages, including appropriate proportions of essential amino acids, minerals, vitamins and essential fatty acids. The bidder shall comply with these extra nutritionals requirements.**

- **The dry dog food shall be available in separate formulations suitable for puppies and active/ working adult police dogs.**
- **The product shall be of high nutritional and manufacturing quality, safe for consumption, highly digestible and palatable and suitable for regular feeding.**
- **The product shall have an appropriate shelf life, with adequate stability of nutrients and product quality throughout the stated shelf- life period when stored under the manufacturer's recommended conditions.**
- **<u>For Diseased and Malnourished Condition:</u> Dietry requirements for diseased or malnourished working adult dogs and puppies shall be determined based on the diagnosed health condition, nutritional deficiencies, body condition score (BCS), physiological requirements and overall health status. Where indicated, an appropriare therapeutic/ prescription diet or specially formulated ration shall be provided as per the prescription or recommendation of the Veterinary doctor.**

८) कुकुर दानाको आवश्यकता सम्बन्धी तालीका

८.१ कुकुर दानाको सामाग्रीको विवरण

सि.नं.	सामानको विवरण	प्रति कुकुरको प्रति दिनको स्केल	बार्षिक चाहिने कुकुर दाना (के.जी.मा)	छोटकरी स्पेशिफिकेशन	कै.
१	कुकुर दाना आहार	६०० ग्राम	२१९० किलोग्राम	नेपाल सरकारले तोकेको गुणस्तर मापदण्ड पूरा भएको हुनु पर्नेछ।	

८.२ कुकुर दानाको आपूर्ति गर्नु पर्ने स्थान र संख्या

सि.नं.	कार्यालयको नाम	ठेगाना	कुकुर संख्या	कै.
१	गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा, केनाइन उप- शाखा	पार्दी , पोखरा	१० (दश)	

९. शिलबन्दी दरभाउपत्र पेश गरेको निवेदन

(शिलबन्दी दरभाउपत्रदाताको फर्म संस्था वा कम्पनीको छाप)

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रदेश प्रहरी कार्यालय कास्की, पोखरा

प्रहरी नायव महानिरीक्षक

श्री.....,

.....।

मिति २०८३। ।

महाशय,

हामीले दरभाउपत्र सम्बन्धी कागजातमा समावेश भएका कागजातहरु अध्ययन ग-यौ । प्रस्तुत कुकुर दाना आपूर्ति सम्बन्धी काम रु.....(अंकमा).....(अक्षरमा) अथवा कुकुर दानाको परिमाण सहितको मूल्यसूची अनुसार खरिदकर्ताबाट ठहर भएको रकममा गर्न हाम्रो मन्जुरी भएकोले यो दरभाउपत्र पेश गर्न अन्तिम मिति देखी ४५ (पैतालीस) दिन रहने छ । यो दरभाउपत्र र खरिदकर्ताबाट दिईएको दरभाउपत्र स्वीकृतीको पत्रले हामी दुई सम्झौता गर्न बाध्य हुनेछौ । हाम्रो दरभाउपत्र स्वीकृत भएमा हामीले आपूर्ति तालीका बमोजिम कुकुर दाना सम्बन्धी सामान आपूर्ति गर्ने जिम्मा लिनुका साथै कार्य सम्पादन गर्ने सुनिश्चितता स्वरुप सम्झौता मूल्यको ५% रकम बराबरको कार्य सम्पादन जमानत खरिदकर्ताले माग गरे अनुसारको ढाँचामा उपलब्ध गराउने छौं ।

प्रस्तुत कार्यको लागि सबैभन्दा घटी कबोल गर्ने वा कुनै पनि दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत गर्न खरिदकर्ता बाध्य नभएको कुरा हामीले बुझेका छौ ।

हामी खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएकोले र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाँय नपाएको घोषणा गर्दछौ ।

यसै दरभाउपत्र सम्बन्धी कागजातमा संलग्न भएको फेहरिस्त बमोजिमको कागजातहरु दरभाउपत्र साथ पेश गरेका छौं ।

भवदिय :

हस्ताक्षर.....

फर्म संस्था वा कम्पनीको तर्फबाट:

हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको नाम:-

पद :-.....

सम्पर्क नं.....

दरभाउपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाम :-

दरभाउपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको छाप :-

१० कुकुर दानाको परिमाण सहितको मूल्य सूची

प्रहरी नायब महानिरीक्षक

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी
गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा
आ.ब.२०८३।०८४ सालको कुकुर दानाको दरभाउपत्र फाराम

सि.नं.	खाद्य सामाग्रीको विवरण	प्रति दिन प्रति कुकुर स्केल		प्रतिदिन प्रति कुकुरको कुकुर दाना (आहार) स्केल अनुसारको कबोल दर मु.अ.कर बाहेक रु.		कुकुर संख्या १० (दश) लाई बार्षिक चाहिने कुकुर दाना (किलोग्राममा)	स्केलमा बोलकबोल अनुसार १० (दश) संख्यालाई आवश्यक पर्ने कूल बार्षिक रकम रु.	कै.
		किलो	ग्राम					
१	कुकुर दाना (आहार)	-	६००	अंकमा	अक्षरमा	२१९०		
जम्मा								
मूल्य अभिबृद्दि कर								
कूल जम्मा								

दरभाउपत्रदाताको दस्तखत

११ जमानत फारामहरुको नमूना

११.१ दरभाउपत्र जमानत



प्रहरी नायब महानिरीक्षक

बिषय : दरभाउपत्र जमानत ।

श्री गण्डकी प्रदेश प्रहरी कार्यालय
पोखरा, कास्की ।

.....(दरभाउपत्रदाताको नाम) ले (जसलाई यसपछि "दरभाउपत्रदाता" भनिनेछ) मिति ..... मा कुकुर दाना खरिद बन्दोबस्त बमोजिम कुकुर दाना आपूर्ति गर्नको निमित्त दरभाउपत्र पेश गरेको छ ।
हामी.....(बैंकको नाम, ठेगाना) (जसलाई यसपछि "बैंक" भनिनेछ) जमानीको रुपमा पूर्ण उत्तरदायित्व बहन गर्ने गरी खरिदकर्ता गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराबाट दाबी पत्र प्राप्त हुनासाथ खरिदकर्तालाई रु.....(अंकमा).....(अक्षेरुपी) उपलब्ध गराउने गरी जमानी बस्न मन्जुर गर्दछौ । यो लिखित जमानीपत्रका निम्न शर्तहरु हुनेछन् ।

१) दरभाउपत्र खोलिसकेपछि दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भएको दरभाउपत्रको मान्य अवधि अगाबै दरभाउपत्रदाताको आफ्नो दरभाउपत्र फिर्ता लिएमा वा
२) दरभाउपत्रको मान्य अवधि अगावै खरिदकर्ताले दरभाउपत्रदातालाई दरभाउपत्र स्वीकार गरेको सूचना दिएकोमा
(क) दरभाउपत्रदातालाई निर्देशनमा उल्लेख भए बमोजिम खरिद सम्झौता गर्न नसकेमा वा अस्वीकार गरेमा वा,
(ख) दरभाउपत्रदातालाई निर्देशनमा उल्लेख भए बमोजिम कार्य सम्पादन जमानत दाखिला गर्न नसकेमा वा अस्वीकार गरेमा वा,
(ग) दरभाउपत्रमा भएको अंक गणितीय त्रुटीको सुधारलाई अस्वीकार गरेमा ।

हामी खरिद कर्ताबाट पहिलो लिखित दाबी प्राप्त हुनासाथ खरिदकर्तालाई माथी उल्लेखित रकमको भुक्तानी गर्नेछौ । तर खरिदकर्ताले यो रकम दावी गर्नको लागी माथि उल्लखित शर्तहरु मध्ये पूरा नगरेको शर्त खुलाउनु पर्नेछ ।
यो जमानतपत्रको अवधि दरभाउपत्र दाखिला हुने अन्तिम मिति २०८३।०८।०९ गते देखि मिति २०८३।१०।२४ गते सम्म ७५ (पचहत्तर) दिन सम्म कायम रहनेछ । यस जमानत बापत जमानतको मान्य अवधि अगाबै बैंकमा आईपुग्नु पर्नेछ ।

अधिकार प्राप्त बैंक कर्मचारीको सही :-
नाम :-
दर्जा :-
बैंकको नाम :-
ठेगाना :-
बैंकको छाप :-
मिति :-

११.२ कार्य सम्पादन बैंक जमानत



प्रहरी नायव महानिरीक्षक

मिति :-.....

बिषय : कार्य सम्पादन जमानत ।

श्री गण्डकी प्रदेश प्रहरी कार्यालय
पोखरा, कास्की ।

.....(आपूर्तिकर्ताको नाम ठेगाना) ले (यसपछि "आपूर्तिकर्ता" भनिनेछ) ले २०८३ साल माघ ०१ गते देखी २०८४ साल पौष मसान्त सम्म बर्ष १ (एक) को लागी गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरामा रहेका कुकुरको निमित्त कुकुर दाना सामाग्री आपूर्ति गर्ने कार्य (यस पछि कुकुर दाना खरिद बन्दोबस्त भनिनेछ) सम्पन्न गर्न जिम्मेवारी पाएको र आपूर्तिकर्ताले कुकुर दाना खरिद बन्दोबस्त बमोजिम खरिद सम्झौता गरी आफ्नै दायित्व निर्वाह गर्न कार्य सम्पादन बैंक जमानत दाखिला गर्ने कर्तव्य भएको हुनाले हामी .....(बैंकको नाम ठेगाना) (जसलाई यस पछि बैंक भनिनेछ) जमानीको रुपमा पूर्ण उत्तरदायित्व बहन गर्ने गरी खरिदकर्ता गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराबाट प्रथम लिखित दाबी पत्र प्राप्त हुनासाथ कुनै विवाद ननिकाली खरिद कर्ताहरुलाई रु.....(अंकमा).....(अक्षरमा) उपलब्ध गराउने गरी जमानी बस्न मन्जुर गर्दछौ । हामी सँग दाबी गर्नु अगाबै कुकुर दाना आपूर्तिकर्ता उक्त ऋण असुली गर्न पूरा गर्नु पर्ने आवश्यकतालाई हटाउँदछौ । हामी त्यस कार्यालय र कुकुर दाना आपूर्तिकर्ता बिच भएको खरिद सम्झौतामा भएका संशोधन बारे हामीलाई सूचित गर्नु पर्ने दायित्वबाट समेत छूटकारा दिन्छौ । यो कार्य सम्पादन बैंक जमानतको म्याद मिति २०८४ फागुन मसान्त सम्मको लागि कायम रहने छ ।

अधिकार प्राप्त बैंक कर्मचारीको सही

नाम :-

दर्जा :-

बैंकको नाम :-

ठेगाना :-

बैंकको छाप :-

मिति :-

११.३ पेश्की भुक्तानीको लागी बैंक जमानत

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा कास्की

प्रहरी नायव महानिरीक्षक

मिति :-.....

बिषय : पेश्की भुक्तानी जमानत ।

श्री गण्डकी प्रदेश प्रहरी कार्यालय
पोखरा, कास्की ।

महाशय,

कुकुर दाना खरिद बन्दोबस्त बमोजिम दरभाउपत्र स्वीकृत कुकुर दाना आपूर्ति गर्न खरिद सम्झौता गरेको आपूर्तिकर्ताले (आपूर्ति कर्ताको नाम, ठेगाना) (यसपछि आपूर्तिकर्ता भनिनेछ) खरिद सम्झौताका शर्तहरु भएको प्रावधान अनुसार खरिदकर्ता गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराको नाममा आफुले गर्ने कार्यको ईमान्दारीपूर्वक सम्पादन गर्ने प्रत्याभुती दिन सम्झौताको उल्लेखित दफा अनुसार रु.....(अंकमा).....(अक्षरमा) बैंक जमानत राख्नु पर्ने हुँदा आपूर्तिकर्ताको अनुरोध बमोजिम निज सँग पहिले दाबी नगरी कुनै हामी (बैंकको नाम र ठेगाना) शर्त रहित तथा अपरिर्वतनीय प्राथमिक ग्यारेन्टीको रुपमा खरिदकर्ताको प्रथम लिखित दाबी पत्र प्राप्त हुनासाथ कुनै दोष वा वादविवाद ननिकाली खरिदकर्तालाई रु.....(अंकमा).....(अक्षरमा) उपलब्ध गराउने गरी जमानी बस्न मन्जुर गर्दछौ ।
हामी यो पनि स्वीकार गर्दछौ की तपाई र आपूर्तिकर्ता बिच भएको सम्झौताको कागजपत्रमा कुनै संशोधन भएमा त्यस बारे आपूर्तिकर्ताले यस जमानत अन्तर्गत हामीलाई सूचित गर्नु पर्ने दायित्वबाट छुटकारा दिन्छौ ।

यो जमानतको म्याद २०८४ साल फागुन मसान्त सम्म कायम रहने छ ।

भवदीय

दस्तखत :-

बैंकको नाम :-

ठेगाना :-

बैंकको छाप :-

मिति :-